**नेपाली / *NEPALI***

विषय: खोपको बारेमा धेरै सोधिएका प्रश्नहरू *(Vaccination FAQ),* परीक्षण स्थलको बदल, यात्रा अपडेट

*यस सन्देशमा समेटिएको छ*

- *खोपको बारेमा धेरै सोधिएका प्रश्नहरू (Vaccination FAQ)*
- *परीक्षण स्थलको बदल*
- *यात्रा अपडेट*
- *सहयोग कसरी पाउने*

**खोपको बारेमा धेरै सोधिएका प्रश्नहरू (*Vaccination FAQ*)**
सोमबारदेखि, राज्यको मार्गदर्शन अनुसार थप विद्यार्थी र कर्मचारीहरू खोपका लागि योग्य भएका छन्। राज्यभर खोप लगाउने समय बनाउन सक्ने समूहहरूमा केही खास स्वास्थ्य अवस्था भएका *COVID-19* बाट गम्भीर रोगको जोखिम व्यक्तिहरू थपिएका छन्।

अहिलेसम्म, *UHS* ले योग्य कर्मचारी र विद्यार्थीहरूलाई खोप लगाउने पर्याप्त खोप पाएको छैन। उदाहरणका लागि, यस हप्ता, *UHS* ले जम्मा ६०० वटा खोपको पहिलो डोजहरू पाएको छ। त्यस कारण, ***UW–Madison* ले खोपका लागि इच्छुक सबै योग्य कर्मचारीहरू र विद्यार्थीहरूलाई क्याम्पसमा र बाहिर खोपको समय खोज्न प्रोत्साहित गर्दछ।**

खोप लगाउँदा के अपेक्षा गर्नुपर्दछ जान्नुहोस्।

*विस्कन्सिनमा खोप लगाउन म कहिले योग्य छु ?*

- हालमा को को योग्य छन् हेर्नुहोस्
- मे १ मा *Wisconsin Department of Health Services* १६ वर्ष र बढी उमेरका सबै व्यक्तिहरूका लागि योग्यता खुलाउने अपेक्षा गरेको छ।

*म योग्य छु – मैले अहिले नै किन खोप लगाउने समय बनाउन सक्दिन ?*
खोप आपूर्तिमा सुधार भएता पनि, खोपहरू सीमित छन् – कृपया धैर्य गर्नुहोला। केही प्रदायकहरूले तपाईंको योग्यताको कोटीलाई अरू भन्दा पहिले खोप दिन शुरू गर्न सक्दछन्। सबैले खोप लगाउने अवसर पाउनेछन्। क्याम्पस बाहिर उपलब्ध खोप लगाउने समय मिलाउनका लागि तपाईंले *Wisconsin Department of Health Services (DHS)* मा दर्ता गर्न सक्नुहुन्छ।

*के खोप लगाउन पैसा लाग्दछ ?*
होईन, खोप नि: शुल्क लगाउन पाइन्छ र खोप लगाउने कुनै पनि प्रस्तावहरू तपाईंको स्थानीय वा आदिवासी स्वास्थ्य विभाग, स्वास्थ्य सेवा प्रदायक, फार्मेसी वा समुदायमा आधारित क्लिनिक जस्ता ज्ञात स्रोतहरूबाट आउँदछन्। तपाईंले अज्ञात स्रोतहरूबाट खोपका प्रस्तावहरू स्वीकार गर्नु हुँदैन किनभने यी सम्भवत ठगी हुन सक्दछन्।

**केही खोपदाताहरूले तपाईंलाई डाक्टरदारा स्वीकृत बीमा जानकारी (जस्तै *prescription* कार्ड) प्रदान गर्न अनुरोध गर्न सक्दछन्** ताकि उनीहरूले तपाईंको बीमालाई प्रशासन शुल्क तिराउन सक्नेछन्। यसको लागि तपाईंले केही खर्च व्यहोर्नु पर्दैन।

*मैले कहाँ गएर खोप लगाउन सक्दछु ?*
आपूर्ति उपलब्ध भएको मानिएमा, तपाईंले निम्न संस्थाहरूद्वारा खोप लगाउन सक्नुहुन्छ। तपाईं नजिक एक प्रदायक खोज्नुहोस्। खोप सम्बन्धी प्रश्नहरू र *DHS* दर्ताका समर्थनका लागि, (844) 684-1064 मा फोन गर्नुहोला।

- **विश्वविद्यालय स्वास्थ्य सेवा *(University Health Services)***
  *UW–Madison* का कर्मचारी र विद्यार्थीहरूले *MyUHS* मार्फत खोप लगाउने समय बनाउन सक्दछन्। नियमित रूपमा निर्धारण गरिएको खोप क्लिनिकहरू बाहेक, *UHS* ले अप्रिल १ र अप्रिल २ मा दोस्रो र तेस्रो शिफ्टका कर्मचारीहरूका लागि थप संसाधनका रूपमा विशेष बिहानको र रातीको क्लिनिक समय आयोजना गर्दैछ; भाषा समर्थन प्रदान गरिनेछ।

- **तपाईंको स्थानीय स्वास्थ्य विभाग**
  *Public Health Madison & Dane County* ले खोप लगाउने इच्छुकहरूका लागि *DHS* मार्फत साइन-अप फाराम सङ्कलन गर्दैछ। खोपहरू समय बनाएर मात्र *Alliant Energy Center* मा दिइन्छ। आवश्यक हुनेका लागि यातायात उपलब्ध छ – यस सेवाको बारे थप जानकारी खोप लगाउने समय बनाएपछि प्रदान गरिनेछ।

- **फार्मेसीहरू**
  - *Hometown Pharmacy*
  - *Kroger/Pick N Save* (866) 211-5320
  - *Meijer*
  - *Walgreens* (800) 925-4733
  - *Walmart*

- **समुदायमा आधारित खोप क्लिनिकहरू**
  *Wisconsin Department of Health Services* ले *LaCrosse*, *Racine*, र *Rock* काउन्टीहरूमा सामुदायिक क्लिनिकहरू सञ्चालन गर्दैछ। विस्कन्सिनका कोही पनि पनी योग्य बासिन्दाहरूले यी स्थलहरूमा खोप लगाउन सक्दछन्, तर ध्यान दिनुहोस् कि तपाईं जहाँ पहिलो डोज लगाउनुहुन्छ, तपाईंले त्यहाँ दोस्रो डोज पनि लगाउन आवश्यक पर्दछ।

*यदि मैले दुईवटा डोजको खोप लगाउँदै छु भने, के मैले उही प्रदायकबाट दुबै डोजहरू लगाउनु पर्दछ ?*
हो। यदि तपाईंले पहिलो डोजा खोप प्रदायकबाट पाउनु भयो भने, उनीहरूले तपाईंको दोस्रो डोज ग्यारेन्टी गर्नेछन्। तपाईंले खोपको दोस्रो डोज लगाउने समय तपाईंले खोपको पहिलो डोज लगाउने समय बनाउँदा वा लगाउने बेलामा बनाउनुपर्दछ। यदि तपाईं निश्चित हुनुहुन्न भने खोप प्रदायकसँग बुझ्नुहोला।

*मैले मूल प्रदायकबाट मेरो दोस्रो डोज पाउन सकिनँ - मैले के गर्नुपर्दछ ?*
सम्भव भएसम्म, तपाईंले खोपको पहिलो र दोस्रो डोजहरू उही प्रदायकबाट पाउन सक्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्न कोशिस गर्नुपर्नेछ। तपाईं जहाँ भए पनि तपाईंले स्थानीय खोप नीतिहरूको पालना गर्नुपर्दछ। यदि तपाईंले पहिलो डोजा लगाएर यात्र गर्नुभयो भने, आफ्नो खोपको रेकर्ड साथमा लग्नुहोला। यसले तपाईंको खोप क्लिनिकलाई तपाईंलाई कुन खोपको र कहिले

दोस्रो डोज दिने कुरा थाहा दिन सहयोग गर्नेछ। जब तपाईंले खोपको दोस्रो डोज लगाउने समय बनाउनुहुन्छ, खोप क्लिनिकले तपाईंले पहिलो डोजमा पाउनु भएको खोप दोस्रो डोजमा पनि दिन सक्ने कुरा निश्चित गर्नुहोस्।

*मैले म कसरी योग्य छु भनेर प्रमाणित गर्न सक्दछु ? कुन कागजात आवश्यक छ ?*
**कुनै पनि कागजात आवश्यकताहरूका बारे खोप प्रदायकसँग बुझ्नुहोला।** यदि तपाईंले आवश्यक कागजात उपलब्ध गराउन सक्नु हुँदैन भने, प्रदायकले तपाईंलाई फारममा तपाईंको योग्यताको बारेमा सत्य बोल्दै हुनुहुन्छ भनेर हस्ताक्षर गर्न अनुरोध गर्न सक्नेछन्।

*के नागरिकता स्थितिले मैले कहाँ खोप लगाउन सक्ने कुरामा असर गर्दछ ?*
गर्दैन, राष्ट्रपति Joe Biden ले बताएका छन् कि अमेरिकाका सबै मान्छेहरूले – उनीहरूको आप्रवास स्थिति ध्यानमा नराखी – खोप लगाउन पाउनेछन्। *U.S. Department of Homeland Security* ले पनि कागजात नभएका आप्रवासीहरूले पनि खोप लगाउन पाउने कुराको समर्थन गर्दछन्। विस्कन्सिनका खोपदाताहरूले खोप दिँदा बसोबासको वा राज्य पहिचानको प्रमाण आवश्यक नगर्न सक्नेछन्। यदि तपाईं हालमा योग्य समूहमा पर्नुहुन्छ भने, तपाईंले खोप लगाउन सक्नुहुन्छ।

*यदि मैले क्याम्पस बाहिर खोप लगाएँ भने, मैले UHS लाई कसरी थाहा दिन सक्दछु ?*
***UHS* सँग तपाईंको खोपको रेकर्ड साझा गर्नुभएमा तपाईंले नियमित *COVID* परीक्षणमा भाग नलिन र तपाईंको *Badger Badge* हरियो /भवन पहुँच स्वीकृतिमा रहनको लागि अनुमति पाउनुहुनेछ।**

तपाईंले दुई डोजको खोपको (*Pfizer* वा *Moderna*) दुबै डोज वा एक डोजको खोप (*Johnson and Johnson*) पाउनु भएपछि:

- *Wisconsin Immunization Registry* वा तपाईंले खोप लगाउनु भएको राज्यको खोप सूचीमा तपाईंले लगाउनु भएको खोपको रेकर्ड पत्ता लगाउनुहोस्।
- "*Print*" रोजेर तपाईंको रेकर्ड *PDF* मा साँच्नुहोस्
- *MyUHS* मा लग-ईन गर्नुहोस्
- पाना मुनिको देब्रे छेउमा, *Immunization Upload* मा थिच्नुहोस्
- तपाईंको खोपको रेकर्ड अपलोड गर्नुहोस्

यो रेकर्ड *MyUHS* मा देखिन पाँच व्यवसायिक दिनसम्म लाग्न सक्दछ।

*मैले कसरी मेरो आधिकारिक खोपको रेकर्ड पाउन सक्दछु ताकि यात्राको लागि मैले खोपको प्रमाण प्रदान गर्न सकौँ ?*
तपाईंले खोप लगाउने समयमा एउटा खोपको कार्ड पाउनु हुनेछ। तपाईंको खोप कार्डमा तपाईंले कहिले र कहाँ खोप लगाउनु भयो र त्यसका साथै तपाईंले पाउनुभएको *COVID-19* को खोपको प्रकार जस्ता खोप सम्बन्धी अन्य सहयोगी जानकारी पनि हुँदछन्। तपाईंको कार्ड सुरक्षित ठाउँमा राख्नुहोला। डिजिटल संस्करणको लागि तपाईंले *Wisconsin Immunization Registry* पनि भ्रमण गर्न सक्नुहुन्छ। तपाईंले *COVID-19* को खोप पाएको फोटोहरू खिच्ने वा सेल्फी पोष्ट गर्ने क्रममा, तपाईंको खोप कार्डको फोटो अनलाइन पोष्ट नगर्नुहोला। त्यसो गर्नाले तपाईंको व्यक्तिगत स्वास्थ्य जानकारी खुलाउन सक्नु हुनेछ।

*मलाई WIR मा मेरो खोपको रेकर्ड पत्ता लगाउन समस्या भइरहेको छ। कसले सहयोग गर्न सक्छ ?*

यदि तपाईंले तपाईंको खोप विस्कन्सिनमा पाउनु भयो र *WIR* मा आफ्नो रेकर्ड भेट्नु भने भने, *WIR Help Desk* लाई (608) 266-9691 मा फोन वा DHSWIRHelp@dhs.wisconsin.gov मा ईमेल गर्नुहोला।

**परीक्षण स्थलको बदल**

किनकि बढ्दो सङ्ख्यामा कर्मचारी र विद्यार्थीहरूले खोप लगाएका छन् र नियमित परीक्षणको आवश्यक परेको छैन, क्याम्पसले पर्याप्त पहुँच प्रदान गर्दै परीक्षण स्थलहरूको सङ्ख्या घटाउन सकेको छ।

**अप्रिल १ को दिनको अन्त्यमा निम्न स्थलहरू बन्द हुनेछन्; नजिकका स्थलहरू विकल्पको रूपमा सूचीबद्ध छन्:**

- *Health Sciences Learning Center* (वैकल्पिक स्थल: *Nielsen Tennis Stadium*)
- *Carson Gulley Center* (वैकल्पिक स्थल: *Dejope Residence Hall*)
- *Helen C. White* (वैकल्पिक स्थल: *Pyle Center*)

अरू सबै स्थलहरू सञ्चालन समय अनुसार खुला रहनेछन। घरबाट निस्क्नु अघि परीक्षण स्थलहरूको पर्खने समयहरू *Safer Badgers app* मा हेर्नुहोला।

**परीक्षण स्थलहरू शुक्रबार, शनिबार र ईस्टर सप्ताहन्तको आइतबार, अप्रिल २-४ मा खुला रहनेछन्।** कर्मचारी र विद्यार्थीहरूले आफ्नो नियमित तालिकामा परीक्षण जारी राख्नु पर्दछ।

**यात्रा अपडेट**

- ***UW–Madison* ले प्रायोजन गरेको** कर्मचारी, *graduate* विद्यार्थी, र *undergraduate* विद्यार्थीहरूको व्यक्तिगत-रूपको अनुसन्धान वा प्रशिक्षणको क्षेत्रीय गतिविधिहरूको साथै दर्ता भएका विद्यार्थी संगठनहरू (*RSOs*) को यात्रामा **बदल आएका छन्**। व्यक्तिगत-रूपको अनुसन्धान वा प्रशिक्षणको क्षेत्रीय गतिविधिहरूमा भाग लिने कर्मचारी, *graduate* विद्यार्थी, र *undergraduate* विद्यार्थीहरूका लागि, मुख्य बदल भनेको एक दिनको यात्रामा विस्कन्सिन बाहिर जमीनबाट यात्रा गर्न पूर्व स्वीकृतिको आवश्यक छैन। *RSOs* को लागि, रातारात वा डेन काउन्टी बाहिर यात्रा गर्दा अब *Center for Leadership & Involvement* बाट पूर्व स्वीकृति पाउन आवश्यक छ।

- ध्यान दिनुहोस् कि ***Centers for Disease Control* ले यात्रा नगर्न सिफारिस जारी राखेको छ**; यदि तपाईंले यात्रा गर्नैपर्नेछ भने, आफ्नो जोखिम कसरी कम गर्ने थाहा पाउनुहोला।

**सहयोग कसरी पाउने**

- **यदि तपाईंसँग** धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका **प्रश्नहरू छन् भने** covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला।

- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।